'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १८९ बुधवार २१ फागुन, २०८१ 05 (Wednesday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## अफ्रिकन घाना फुटबल क्लबलाईहराउँदै काँक्रे विहार विजयी

■ सरला सुवेदी

नेपालगन्ज, फागुन/२०



मंगलबार एक खेल सकिएपछि मुख्यमन्त्री कोहलपुर गोल्डकपको क्वाटरफाइनल समीकरण पूरा भएको छ। सेमीफाइलको खेल भने बुधबारदेखि सुरु हुनेछ। क्वाटर फाइनलका अन्तिम खेल भने मगंलबार अफ्रिकन घाना फुटबल क्लब र काँक्रेविहार फुलबल क्लबले खेलेका थिए। अफ्रिकन घाना फुटबल क्लबलाई पेनाल्टी सुटआउटमा हराउँदै काँक्रेविहार फुटबल क्लब,सुर्खेत सेमिफाइनल प्रवेश गरेको छ। निर्धारित समयमा २-२ गोलको बराबरी भएपछि पेनाल्टीमार्फत नतिजा निकालिएको थियो। रोमाञ्चक पेनाल्टीमा अफ्रिकन घाना फुटबल क्लबलाई ५-४ गोल अन्तरले पराजित गर्दै काँक्रेविहार फुटबल क्लब,सुर्खेत सेमिफाइनल प्रवेश गरेको हो। यसअघि प्लानिङ व्वाईज युनाइटेड क्लब,काठमाडौँ,कोहलपुर रेसिङ साहारा फुटबल क्लब,बाँके र राइजिङ स्टार फुटबल क्लब नवलपरासी सेमिफाइनल प्रवेश गरिसकेका छन्। समूह 'क' बाट आयोजक कोहलपुर रेसिङ साहारा फुटबल क्लब,बाँके र प्लानिङ व्वाईज युनाइटेड क्लब,काठमाडौँ, समूह 'ख' बाट राइजिङ स्टार फुटबल क्लब नवलपरासी सेमिफाइनल र काँक्रेविहार फुटबल क्लब सेमिफाइनल प्रवेश गरेका छन्। समूह 'क' बाट लुम्बिनी फुटबल क्लब घोराही,दाङ र राईनो फुटबल क्लब,गण्डकी, समूह 'ख' बाट भारतको साहारा फुटबल क्लब,लखनउ र अफ्रिकन घाना फुटबल क्लबबाट बारिएका छन्। यसअघि पहिलो क्वाटर फाइनल खेलमा कोहलपुर रेसिङ साहारा फुटबल क्लबले २-० गोल अन्तरले लुम्बिनी फुटबल क्लब घोराही,दाङ पराजित भएको थियो। दोस्रो क्वाटरफाइन खेलमा आइतबार राइजिङ स्टार फुटबल क्लब नवलपरासीले पेनाल्टी सुटआउटमा ४-३ अन्तरले भारतको साहारा फुटबल क्लब,लखनउलाई पराजित गरेको थियो। सोमबार भएको तेस्रो क्वाटरफाइनलमा प्लानिङ व्वाईज युनाइटेड क्लब,काठमाडौँले २-० गोल अन्तरले राईनो फुटबल क्लब,गण्डकीलाई पराजित गरेको थियो। कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७ देखि प्रतियोगिता सुरु भएको हो। प्रतियोगितामा घाना र भारतसहित आठ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपियाँ पुरस्कार पाउनेछन्। तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फागुन २४ गतेसम्म सञ्चालन हुनेछ।

### बाँकेमा १०० वन्यजन्तु उद्धार

## अजिङ्गर देखि चितुवासम्म सुरक्षित स्थानान्तरण

■ नमस्ते समचारदाता

बाँके, फागुन/२०



बाँके डिभिजन वन कार्यालयले जिल्लाका पत्रकारहरूको सहभागितामा स्थलगत अवलोकन भ्रमण सम्पन्न गरेको छ। कार्यक्रममा वरिष्ठ डिभिजन अधिकृत शंकर प्रसाद गुप्ताले बाँके जिल्लाको कुल वन क्षेत्रमध्ये ५१ प्रतिशत बाँके राष्ट्रिय निकुञ्जले ओगटेको र बाँकी ४७.७९ प्रतिशत क्षेत्र डिभिजन वन कार्यालयले संरक्षण गरिरहेको जानकारी दिनुभयो। वन संरक्षणको महत्व उजागर गर्दै अधिकृत गुप्ताले वनले समाज र देशको समग्र विकासमा महत्वपूर्ण योगदान दिने भएकाले यसको संरक्षण सबै पक्षको दायित्व भएको बताउनुभयो। उहाँले आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले बाँके वन कार्यालयलाई ९ करोड ५३ लाख ६० हजार रुपैयाँ बजेट विनियोजन गरेको जानकारी पनि गराउनुभयो। वन्यजन्तु पीडितलाई हालसम्म १९ लाख १२ हजार ५०० रुपैयाँ राहत वितरण गरिसकेको जानकारी दिँदै उनले नयाँ राहत वितरणका लागि फाइल संकलन जारी रहेको बताउनुभयो। साथै, नयाँ वृक्षारोपणका लागि स्थान छनोट, निजी वन दर्ता प्रक्रिया, विरुवा वितरण योजना तथा जैविक चौतारी कार्यक्रममार्फत वन संरक्षणका विषयमा छलफल भइरहेको उल्लेख गर्नुभयो। वन क्षेत्रबाट हालसम्म २२ जनालाई २९५९.२१ क्यू. फिट काठ तथा २१ व्यक्ति/संस्थालाई ८७.७० चट्टा दाउरा वितरण गरिएको छ। काठ तथा दाउरा विक्रीबाट ४७ लाख ६ हजार १०६ रुपैयाँको कारोबार भएको उनले जानकारी गराउनुभयो। वन्यजन्तु उद्धारमा डिभिजन वन कार्यालयले अहिलेसम्म १२ वटा अजिङ्गर, ८१ वटा विभिन्न प्रजातिका सर्प, १ वटा मगर गोही, १ चितुवा, २ चितल, १ ब्राहसिगे, १ भाले रतुवा र १ सुन गोही गरी जम्मा १०० जनावर उद्धार गरिसकेको छ। सो कार्यक्रममा बाँके जिल्लाका विभिन्न सञ्चारमाध्यमका पत्रकार तथा वन कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

सूचना। सूचना।। सूचना।।।

धार्मिक, साँस्कृतिक, असीम आध्यात्मिक, अतुलनीय पुरातात्विक स्मारकहरुयुक्त आराध्यदेव भगवान श्रीपशुपतिनाथको दिव्य निवासस्थल, गुह्येश्वरी, वच्छला, भुवनेश्वरी आदि देवीहरुको क्रिडास्थल, नेपाल देशको उद्‌भव भएदेखिकै पुण्यभूमि, यस दिव्यभूमि पवित्र पाशुपत क्षेत्रलाई सफा, स्वच्छ, स्निग्ध, शान्त, सुरक्षित एवम् सम्पदामैत्री बनाउनु हामी सबैको कर्तव्य हो।

जय श्रीपशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष

सञ्चालक परिषद्

साइवर सुरक्षाबारे सचेत रहौं

➤अपरिचित लिङ्क वा मेल नखोलौं,
➤चिट्टा पर्यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
➤विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
➤आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
➤आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
➤चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
➤सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं।

शंका लागेमा नजिकको प्रहरी वा साइवर व्युरोमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

# विद्यार्थी विदेश पलायन कतिञ्जेल ?

**अन्नपूर्ण**

भनिन्छ, 'पराइको छहारीभन्दा आफ्नै छानो राम्रो ।' तर विडम्बना भोको पेट र निर्वस्त्र शरीरले आफ्नो र अर्को भन्दैन । विश्व हल्लाउने मेरो देशको इतिहास आज धरापमा छ । खै, कहाँ बाटो बिरायौं हामीले ? संसारलाई खानेपानी नपुगे मेरो देशसँग माग्नु, विश्वमा शान्तिको अभाव भए मेरो देशलाई सम्झनु । संसारको ठूलो छाती भएको मेरो देश, कञ्चन खोला नालाले सिञ्चिएको मेरो पवित्र भूमि, आखिर के कमी छ र ? र पनि, मातृभूमिमै सुन फलाउन नसक्ने हामीप्रति खेद छ । नेपाल राष्ट्र बैंकको समग्र आर्थिक तथा वित्तीय प्रतिवेदनअनुसार, २०२४/२५ आर्थिक वर्षको प्रारम्भिक पाँच महिनामा (साउनदेखि कात्तिक) नेपाली विद्यार्थीले विदेश अध्ययनका लागि ४७ अर्ब ३४ करोड रुपैयाँ खर्च गरेका छन् । यस रकमको तुलना गर्दा २०२३/०२४ आर्थिक वर्षको समान अवधिमा खर्च गरिएको रकम ३८ अर्ब ९२ करोड रुपैयाँ थियो, जसको आधारमा २२ प्रतिशत वृद्धि देखिन्छ । यसको मुख्य कारण नेपालमा गुणस्तरीय शिक्षाको अभाव, रोजगारीको सीमित अवसर र विदेशमा पढेर राम्रो भविष्य बनाउने इच्छा हो । विदेशी शिक्षण संस्थाहरूले प्रदान गर्ने अत्याधुनिक पढाइको बन्दोबस्त, अनुसन्धान सुविधा र वैश्विक नेटवर्कले पनि विद्यार्थीलाई आकर्षित गरेको पाइन्छ । नेपालका युवाको विदेश पलायन अहिले गहिरो चिन्ताको विषय बनेको छ । यो केवल एउटा आर्थिक समस्यामात्र होइन, यो हाम्रो भविष्यको अस्तित्वसँग जोडिएको एक गम्भीर संकट हो । हामी युवा अर्थात् देशको रचनात्मक शक्ति



र सम्भावनाका प्रतीक हुन्, विदेश पठाएर केवल शैक्षिक अवसर मात्र उपलब्ध गराउँछौं, तर उनीहरूको सुरक्षा, मानसिक स्वास्थ्य र भविष्यका अवसरहरूको कुनै ग्यारेन्टी गर्न सक्दैनौं । युवा देशका भविष्यको मानव पुँजी हुन् । अर्थतन्त्र चलायमान बनाउने विकासको प्रमुख चालक पनि । नेपालले पछिल्ला केही वर्षमा देशका खम्बा मानिने युवा गुमाउँदैछ । जोस, जाँगर र सीप भएका युवा धमाधम देश छाड्दैछन् । विदेश जानु अब सपनामात्र रहेन, नेपालका युवाको मजबुरी बनिसकेको छ । हामीलाई थाहा छ, हाम्रो देशमा गुणस्तरीय शिक्षा र रोजगारको अवसर सीमित छन् । तर के हामी यत्ति जान्दैनौं कि युवाको विदेश यात्रा केवल अवसरको खोजी मात्र हो, यो त एक गहिरो पीडा, संघर्ष र आत्मनिर्भरता को सर्त पनि हो । विदेशमा पढाइ गरेका युवाले अन्तर्राष्ट्रिय स्तरको शिक्षा, अनुसन्धानका अवसर र व्यावसायिक कौशल हासिल गरेर आफ्नो करियरमा एक नयाँ उचाइ प्राप्त गर्छन् । यद्यपि, यी सबै अवसरको बीचमा प्रकृति लम्सालका जस्ता डरलाग्दा घटनाहरू पनि बाहिरिए, जसले समाजमा चिन्ताका थप कारण जन्माएका छन् । भारतमा केआईआईटी अध्ययन गर्दै गरेकी नेपाली छात्रा प्रकृति लम्सालको मृत्युको घटनाले नेपाली समाज र सरकारलाई ठूलो झट्का दिएको छ । यो केवल एक भयानक कथामात्र होइन, यो लाखौं नेपाली युवाको अव्यक्त पीडा हो । उनीहरूको आस्थामा आधारित सपना र अपेक्षालाई हामी न त सम्मान गरेका छौं, न त तिनीहरूको सुरक्षा नै सुनिश्चित गरेका छौं । यस घटनाले नेपालको अवस्थालाई पनि प्रकट गरेको छ । नेपालमा गुणस्तरीय शिक्षा र रोजगारीको अभावले युवालाई विदेश पढाइतिर धकेलिरहेको छ । तर, विदेशमा पनि उनीहरूको सुरक्षा र अधिकार सुनिश्चित गर्ने प्रणाली कमजोर छ । यसले नेपालको शिक्षा, रोजगारी र युवा पुस्ताको भविष्यबारे गम्भीर प्रश्न सोध्न बाध्य बनाउँछ - के हामीले हाम्रा युवाहरूको सुरक्षा र अधिकारलाई पर्याप्त महत्व दिएका छौं ? आफ्नै छिमेकी देशमा न्यायका लागि आवाज उठाउँदा उल्टै गाली र अपमान सहनुपर्ने अवस्था छ । लम्सालको अस्वाभाविक मृत्युको घटनाले यो कठोर वास्तविकतालाई पुनः उजागर गरेको छ । पढाइ गर्न गएको छोरीलाई न्याय माग्दा उल्टै पीडा खेप्नुपर्ने ? यो कस्तो प्रणाली हो ? यस विषयमा सरकारको उदासीनता चिन्ताजनक छ । प्रकृतिको घटनाले नेपाल र भारतका संसद्मा ठूलो हलचल मच्चाएको छ तर नेपाल सरकारले यस विषयमा ठोस कदम चाल्न सकेको छैन । सरकारले यस्ता घटनाहरूमा तुरुन्त कदम चाल्नुपर्छ । नेपाली नागरिकहरूको सुरक्षा र अधिकार सुनिश्चित गर्नु सरकारको कर्तव्य हो । यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न दूतावासहरूलाई अधिक सक्रिय बनाउन आवश्यक छ । नेपालबाट विदेश पढाइका लागि जाने विद्यार्थीले ऋण र सामाजिक प्रतिष्ठाको दबाबबाट गुज्रिरहेका छन् विदेशमा पढाइ गर्न जाँदा धेरै विद्यार्थी ठूलो रकम ऋण लिन बाध्य हुन्छन् । यसले गर्दा उनीहरूले आफ्नो भविष्यमा ठूलो आर्थिक बोझ उठाउनुपर्छ । साथै, नेपाली समाजमा विदेश पढाइलाई सामाजिक प्रतिष्ठाको प्रतीक मानिन्छ । धेरै परिवारले सन्तानलाई विदेश पढन पठाएर समाजमा इज्जत कमाउने चाहना राख्छन् । उनीहरूले आफ्नो परिवार र समाजको अपेक्षा पूरा गर्न विदेशमा पढाइ गर्न बाध्य हुन्छन्, तर यसले उनीहरूको मानसिक स्वास्थ्य र आर्थिक स्थितिमा नकारात्मक असर पार्छ । यस्ता समस्या दोहोरिन नदिन नेपालले आफ्नो शिक्षा प्रणालीमा सुधार गर्नुपर्छ । युवालाई देशभित्रै राम्रो अवसर सिर्जना हुने कार्यमा लगानी बढाउनुपर्छ । अर्को महत्वपूर्ण समस्या भनेको साथीको प्रभाव हो । धेरै विद्यार्थीले साथीहरूले विदेश पढाइ गरेको देखेर पनि विदेश पढाइ गर्ने निर्णय गर्छन्, तर यसको पछाडि रहेको आर्थिक र मानसिक दबाबलाई बुझ्दैनन् । अझ सामाजिक सञ्जालका फोटाले वास्तविकतालाई ढाकेर विद्यार्थीलाई गलत दिशामा दोहोर्याएको देखिन्छ । कहिल्यै नझुक्ने र पछि नहट्ने हाम्रो इतिहास आज धराशायी बन्दैछ । पूर्वजले दिएको नासो जोगाउनको साटो हामी छिमेकीको अगाडि लम्पसार परेका छौं । यसले नेपाली जनताको मनोबललाई ध्वस्त पारेको छ । हामीले स्वदेशकै गौरव र स्वाभिमानलाई बचाउनुपर्ने हो, तर आफ्नै हितलाई प्राथमिकता देऔं । यसले कतै बाटो बिराऔं कि ? नेपाली राजनीतिक परिदृश्यमा कुर्सीको लडाइँले देशको विकासलाई ठप्प पारेको छ । नेताहरूले आफ्नो सत्ता र पदका लागि लडिरहेका छन्, तर जनताको समस्या र आवश्यकतालाई अनदेखा गरिरहेका छन् । जनताले आफ्नो मतदानको शक्ति प्रयोग गरेर नेताहरूलाई चुन्छन्, तर नेताहरूले जनताको आशा र विश्वासलाई धोका दिँदै आफ्नो स्वार्थलाई प्राथमिकता दिँदैछन् । जनताको हितलाई प्राथमिकता दिएर काम गरेका भए, नेपाल आज विश्वभरि गौरवका साथ उभिएको हुन्थ्यो । सरकारले विदेशमा अध्ययन गर्ने विद्यार्थीको सुरक्षा सुनिश्चित गर्ने नीति बनाउन आवश्यक छ । अर्को महत्वपूर्ण बिन्दु भनेको मानसिक स्वास्थ्य र उत्पीडनको मुद्दा हो । यस घटनाले विद्यार्थीलाई मानसिक स्वास्थ्य सेवाको पहुँच बढाउन र उत्पीडनविरुद्ध कानूनी सुरक्षा सुनिश्चित गर्न सरकारलाई पनि प्रेरित गर्छ । हामीले शैक्षिक सुधार गरेर मात्रै हुँदैन । युवाको भविष्यलाई अझ सुरक्षित र उज्जवल बनाउन सरकारले विदेशमा पढ्न जानुका बाध्यताहरूलाई कम गर्दै, देशभित्रै राम्रो शिक्षा प्रणाली र रोजगारीका अवसर बढाउन आवश्यक पहल गर्नुपर्छ । यसले हामीलाई मात्र होइन, हाम्रो समाजलाई पनि दीर्घकालीन रूपमा फाइदा पुर्याउनेछ । हामीले विदेशमा शिक्षा हासिल गर्ने सपना पूरा गर्दै गर्दा, हाम्रा युवालाई घरेलु र अन्तर्राष्ट्रिय स्तरमा थप सजगता र सुरक्षा दिई, मानसिक स्वास्थ्यका लागि उचित मार्गदर्शन र सहारा सुनिश्चित गर्नुपर्छ । नेपालको शिक्षा प्रणालीको सुधार, रोजगारीका अवसरहरूको सिर्जना र युवाको उज्ज्वल भविष्य सुनिश्चित गर्न सरकार को गम्भीर कदम उठाउनु अनिवार्य छ । सरकारले र समाजले नेपाली नागरिकको सुरक्षा र अधिकार सुनिश्चित गर्नुपर्छ । भविष्यका यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न प्रतिबद्ध हुनुपर्छ । केवल शब्दमा सीमित नराखी, ठोस कदम चलाए नेपाल फेरि विश्वसामु जितको झण्डा फर्फराउनेछ, यसमा कुनै शंका छैन ।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# सुविधा खोजीमा बसाइँसराइ

नमस्ते समचारदाता
सुर्खेत, फागुन/२०



सरकारी सेवासुविधा तथा विकास नभएको भन्दै कर्णालीमा एक वर्षमा चार हजार भन्दा बढीले बसाइँसराइ गरेका छन् । खानेपानी, शिक्षा, वातावरणलगायत अत्यावश्यकीय सेवासुविधाको अभाव भएपछि त्यसमा सहज पहुँचको आसमा चार हजार ४३७ जनाले एक जिल्लाबाट अर्को जिल्लामा बसाइँसराइ गरेका हुन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशले सन् २०२४ मा गरेको सर्भेक्षण अनुसार नेपालमा विभिन्न जिल्लाबाट बसाइँ सर्नेको संख्या एक लाख ५० जार ८४५ जना रहेकोमा कर्णाली प्रदेशमा चार हजार ४३७ जनाले बसाइँसराइ गरेका छन् । बसाइँसराइ गर्ने प्रमुख कारणमा हिमाल र पहाडबाट तराईतिर वा प्रदेश राजधानीतिर झरेको पाइएको इन्सेक कर्णाली प्रदेशले जनाएको छ। खाद्यान्न अभाव, विकास र सेवा सुविधाको चाहना, सन्तानको उज्ज्वल भविष्यको रुचिले गर्दा पहाडबाट तराई र सदरमुकामतिर बसाइँ सर्ने क्रम बढेको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले बताउनुभयो। कर्णाली प्रदेशमा सुर्खेत, दैलेख, सल्यान, जाजरकोट जिल्लामा बसाइँसराइ बढी भएको छ। इन्सेकको तथ्याङ्क अनुसार सुर्खेतमा एक हजार २४०, दैलेखमा एक हजार, सल्यानमा ७१६, जाजरकोटमा ५१०, कालीकोटमा २९३, रुकुमपश्चिममा २८४, जुम्लामा २३९, मुगुमा ११८, हुम्लामा २२ र डोल्पामा १५ जनाले बसाइँसराइ गरेका छन्। उचित शिक्षा, खाद्यान्नबाट वञ्चित भएपछि थाततलो छोडेर बसाइँ सर्नुपर्ने बाध्यता कर्णालीमा रहेको संयोजक सुवेदीले बताउनुभयो। उहाँका अनुसार इन्सेकले यस वर्षदेखि पहिलो पटक बसाइँसराइलगायतलाई पनि वातावरणीय अधिकारमा राखेर सर्भेक्षण गरेको थियो। यसरी बसाइँ सर्नु पनि मानव अधिकारको उल्लङ्घन भएको उहाँको भनाइ छ। वातावरणीय अधिकारमा बसाइँसराइ, वायु प्रदूषण, खानेपानी, सार्वजनिक शौचालय जस्ता विषय उल्लेख छन्। इन्सेक कर्णाली प्रदेश संयोजक सुवेदीले झण्डै आधा जनसंख्या खानेपानीको पहुँचको अभावमा रहेको उल्लेख गर्नुभयो। उता पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-५ को रेक्चामा पाँच वर्षको अवधिमा करिब तीन दर्जनभन्दा बढी घरपरिवार खानेपानीको अभावमा अन्य पालिका तथा सदरमुकामतिर बसाइँ सरेका छन्। त्यहाँ रहेको इनारमा गर्मीयाम लागेपछि पालो लगाएर दैनिक पाँचदेखि १० लिटर मात्र पानी लैजाने गरिएको छ। अग्लो स्थानमा बस्ती भएको र पानीको स्रोत नहुँदा यसरी पालो लगाएर पानी लिनुपर्ने बाध्यता रहेको रेक्चाका स्थानीय तपेन्द्र क्षेत्री बताउनुहुन्छ। उहाँका अनुसार पानीको दुःखका कारण तीन दर्जनभन्दा बढी घरपरिवार अन्यत्रै बसाइँ सरिसकेका छन्।

# भूकम्प प्रभावितले पहिलो किस्ता चाँडै पाउने



नमस्ते समचारदाता
डोटी, फागुन/२०


डोटीका भूकम्प प्रभावितले पुनर्निर्माणका लागि पहिलो किस्ता चाँडै पाउने भएका छन्। धनगढीमा पत्रकारसँग कुराकानी गर्दै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. भीष्मकुमार भुसालले प्रभावितले चाँडै पहिलो किस्ता पाउने बताउनुभएको हो। उहाँले अर्को हप्ताबाट पहिलो किस्ता वितरण गर्न थाल्ने उल्लेख गर्नुभयो। भुसालले भन्नुभयो, "अब हामी अर्को हप्तादेखि डोटीका भूकम्प प्रभावितलाई आवास निर्माणका लागि पहिलो किस्ता दिन सुरु गर्छौं।" पहिलो किस्ताबापत प्रभावितलाई ५० हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ। २०७९ कात्तिक २३ गते डोटीको पूर्वी चौकी गाउँपालिका-३ केन्द्रविन्दु बनाएर ६.६ म्याग्निच्युडको भूकम्प गएको थियो। सो भूकम्पमा परी छ जनाको मृत्यु भएको र आठ जना घाइते भएका प्राधिकरणको स्थिति अवलोकन रिपोर्टमा उल्लेख छ। भूकम्पको धक्काले डोटी सहित अछाम, बाजुरा, बझाङ, डडेलधुराजिल्लामा क्षति भएको थियो। यसैगरी प्राधिकरणका कार्यकारी प्रमुख भुसालले प्राधिकरणले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सामुदायिक स्वयंसेवक उत्पादन गर्ने बताउनुभयो। त्यसका लागि एक महिनाभित्रै देशैभरि तालिम सञ्चालन गर्ने उहाँको भनाइ छ।


# लोप हुँदै फुर्का नाच

नमस्ते समचारदाता
हुम्ला, फागुन/२०



हुम्ला जिल्लामा पुरुषले नाच्ने फुर्का नाच लोप हुँदै गएकोमा यहाँका स्थानीयले चिन्ता व्यक्त गरेका छन् । शुभ अवसर र चाडपर्वमा नाचिने फुर्का नाच पछिल्लो समय नाच्ने छोडेपछि लोप हुने अवस्थामा पुगेको भन्दै चिन्ता व्यक्त गरिएको हो । सिमकोट गाउँपालिका-२ का वडाध्यक्ष देवजङ्ग बोहोराले पहिले धेरै नाचिने फुर्का नाच अहिले छोडिएकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले सबै जातिका पुरुषले नाच्ने फुर्का नाच अहिले बिरलै मात्रामा नाचेको देख्न पाइने बताउनुभयो । फुर्का नाच्ने मानिस वृद्ध हुँदै गएको र युवा यसतर्फ आकर्षित हुन नसकेकाले यसको संरक्षण गर्न आवश्यक रहेको उहाँको भनाइ छ । सिमकोट गाउँपालिकाको कार्यपालिकाका सदस्य गोपाल विकले चाडपर्व र शुभ अवसरमा नाचिने फुर्का नाच हाल लोप हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै संस्कृति संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । फुर्का नाचमा विशेष गरी दुई पक्ष पङ्क्तिबद्ध रूपमा लागेर नाच्छन् । फुर्का नाच्दा स्थानीय परम्परागत पहिरनमा सजिने, टाउकोमा फटुका बेर्ने र दुवै हातमा फटुका समातेर नाच्ने गर्छन् ।




# घोडाघोडीमा तीन सय ८२ प्रजातिका चरा

नमस्ते समचारदाता
कैलाली, फागुन/२०



कैलालीस्थित घोडाघोडी चरा अभयारण्य क्षेत्रमा ३८२ प्रजातिका चरा पाइन थालेका छन् । रैथाने र आगन्तुक गरेर यहाँ त्यति प्रजातिका चरा पाइन थालेका हुन । घोडाघोडी पन्छी अभयारण्य क्षेत्र बसाइँ सरी आउने चराका लागि महत्वपूर्ण आश्रय स्थल बनेको सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जानकारी दिएको छ । घोडाघोडी ताल क्षेत्रमा ३२ प्रजातिका माछा, ३४ प्रजातिका स्तनधारी पाइने गरेका जनाइएको छ । यसैगरी, ३२ प्रजातिका पुतली, ११ प्रजातिका घोंघी, सात प्रजातिका घस्रने जन्तु र ६४७ प्रजातिका वनस्पति पाइने गरेको मन्त्रालयले जानकारी दिएको छ । चरा र बासस्थान संरक्षण गर्ने उद्देश्यका साथ प्रदेश सरकारले घोडाघोडीलाई नेपालकै पहिलो चरा आरक्षको रुपमा पन्छी अभयारण्य क्षेत्र बनाएको छ । सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा ८७ मा टेकेर प्रदेश सरकारले २०७९ भदौ ९ गते पन्छी अभयारण्य क्षेत्र घोषणा गरेको थियो । यस आरक्षमा घोडाघोडीसहित २४ वटा ताल रहेका छन् । हरिहँस, नादुन हाँसले घोडाघोडी तालमामात्रै बच्चा कोरल्ने गरेको जनाइएको छ । अन्तर्राष्ट्रिय रामसारमा सूचीकृत घोडाघोडी ताल क्षेत्रमा पाइने चराहरु घोडाघोडी जैविक विविधताको एक अभिन्न अवयव रहेकाले चराको संरक्षणका लागि प्रदेश सरकारले पन्छी अभयारण्य क्षेत्र बनाएको मन्त्रालयका प्रवक्ता भरतप्रसाद श्रेष्ठले बताउनुभयो । उहाँले पन्छी अभयारण्य क्षेत्र घोषणापछि प्रदेश सरकारले विभिन्न काम गर्दै आएको जानकारी दिनुभयो । चरा आरक्ष घोषणापछि प्रदेश सरकारले पन्छी अभयारण्य कार्ययोजनाको तयारी, चोरी शिकारी नियन्त्रण दल परिचालन, वन हेरालु तथा चोरी शिकारी नियन्त्रण दललाई नेचरगाइड तालिम प्रदानको कार्य गरेको छ । यसैगरी, चरा संरक्षणसम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन, चरा संरक्षणका लागि सरोकारवाला बिच समन्वय बैठक बस्ने, चरा गणना लगायतको कार्य भएको श्रेष्ठले जानकारी दिनुभयो ।

# कवाडी सलीसल्ला सिमकोट सडकमा अस्थायी रुट परमिटका लागि सिफारिस

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/२०



कर्णाली कोरिडोरको हुम्ला खण्डमा पर्ने कवाडी सलीसल्ला हुँदै सिमकोटसम्मको सडकको अस्थायी रुट परमिटका लागि सिफारिस गरिएको छ । सो सडक खण्डमा अस्थायी रुट परमिटको अनुमति लिनका लागि प्राविधिक सहितको टोलीले पाँच दिन लगाएर अनुगमन गरेपछि उक्त सिफारिस गरिएको हो । कानुन विपरित सो खण्डको ५१ किलो मिटर सडकमा हालसम्म अस्थायी रुट परमिट बिनै यातायतका साधनहरू सञ्चालन हुँदै आएकोमा त्यसलाई वैधानिक किसिमले यातायातका साधन सञ्चालन गर्नका लागि जिल्लाबाट खटिएको टोलीले अनुगमन गर्ने कार्य गरेर अस्थायी रुट परमिटका लागि सिफारिस गरेको समितिका संयोजक हिल्सा सिमकोट सडक आयोजनाका योजना प्रमुख बेल बहादुर नेपालीले बताउनुभयो । समितिले अस्थाइ रुट परमिका लागि उक्त खण्डको सडक उपयुक्त भएको निष्कर्ष निकाल्दै जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरेको हो । गत माघ २६ गते गोरखापत्र दैनिकमा अनुमति बिनै यातायातका साधन सञ्चालन भन्ने समाचार प्रकाशित भएको थियो । अनुमति बिनाको सडकमा यातायातका साधन दुर्घटना भए भोली बिमा लगायतका धेरै समस्या आउने भएको कारण हाललाई अस्थायी रुट परमिट लिनु आवश्यक रहेको उहाँले बताउनुभयो । सडकको अवस्थाको अनुगमन गरेर अस्थायी रुट परमिट दिने काम यातायात कार्यालय सुर्खेतको भए पनि त्यहाँबाट जनशक्ति अभाव देखिउँदै जिल्लाले नै अनुगमन गरेर प्रतिवेदन पठाउन आग्रह गरेपछि आयोजनाका योजना प्रमुख नेपालीको संयोजकत्वमा पाँच सदस्यीय अनुगमन टोली गठन गरिएको थियो । समितिका ट्राफिक, जिल्ला प्रशासन कार्यालय, यातायात व्यवसायी र पत्रकार महासङ्घका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सडकको अनुगमनको जिम्मा पाएपछि टोली स्थलगत रूपमा सलीसल्ला पुगेर सडक सञ्चालनको अवस्थाका बारेमा अगुगमन गर्ने कार्य समेत गरेको थियो । अनुगमन समितिका संयोजक नेपालीले सडकको अवस्था सबै बुझेको र सो कुरा सवै प्रतिवेदनमा उल्लेख गरिएको बताउनुभयो । उहाँले अनुगमन टोलीको प्रतिवेदनमा सडकको यथार्थ अवस्था चित्रण गरेर यातायातका साधनहरू सञ्चालनका लागि अस्थायी रुट परमिट दिनका लागि सिफारिस गर्ने कार्य बताउनुभयो । सो खण्डमा हालसम्म अस्थायी रुट परमिट नलिई कुनै साना ठुला यातायातका साधनहरू सञ्चालन हुँदै आएका छन् । समितिले आफ्नो प्रतिवेदनमा थाहा, दुल्लीकुना, बोक्चेगौंडा, भीगौंडा र याङ्चु भीरमा कडा चट्टान रहेकोमा कच्ची सडक निर्माण भएको व्यहोरा समेटेको छ । सर्केगाडस्थित गोठी खोला, ठेली खोला, ग्युसी खोला, चिसामुल, याङ्चु खोला र स्याम्ने खोलामा पुल तथा कल्भर्टको आवश्यकता रहेको कुरा पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । कर्णाली कोरिडोरको हुम्ला खण्डको कवाडीदेखि सिमकोटसम्म ९० किलो किलोमिटर रहेको छ । समितिको स्थलगत प्रतिवेदन प्राप्त भएको र अब यातायात कार्यालय सुर्खेतलाई पठाउने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# सुर्खेत–जुम्ला विमानस्थल विस्तार गर्न ११ अर्ब माग



■ नमस्ते समचारदाता


सुर्खेत, फागुन/२०

कर्णाली र लुम्बिनी प्रदेशका तीन विमानस्थल विस्तार गर्न स्रोत सुनिश्चितताको माग गरिएको छ। कर्णाली प्रदेशस्थित सुर्खेत र जुम्ला विमानस्थल तथा लुम्बिनी प्रदेशको दाङ टरिगाउँ विमानस्थल विस्तारका लागि स्रोत सुनिश्चितताको माग गरिएको हो । सङ्घीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यी तीन विमानस्थल विस्तारका लागि थप बजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरेको छ । मन्त्रालयका शाखा अधिकृत प्रकाश पोखरेलका अनुसार विमानस्थल विस्तारका लागि अर्थ मन्त्रालयलाई स्रोत सुनिश्चितता गरिदिन अनुरोधसहित प्रस्ताव गरिएको छ। तीनवटै विमानस्थल विस्तारका क्रममा आवश्यक पर्ने जग्गा अधिग्रहणका लागि नागरिक उड्डयन प्राधिकरणबाट सिफारिस भएबमोजिम फागुन १५ गते बसेको मन्त्रिस्तरीय बैठकले स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको छ । सोहीअनुसार दाङ टरिगाउँ विमानस्थल जग्गा अधिग्रहणका लागि रु पाँच अर्ब लागत अनुमान गरिएकामा रु एक करोड विनियोजन र रु ९९ करोड स्रोत सुनिश्चितताको माग गरिएको छ। साथै सुर्खेत विमानस्थल जग्गा अधिग्रहणका लागि रु १० अर्ब लागत अनुमान गरिएकामा रु १० करोड विनियोजन र रु चार अर्ब ९० करोड स्रोत सुनिश्चितताका लागि माग गरिएको मन्त्रालयका शाखा अधिकृत पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार जुम्ला विमानस्थलको जग्गा अधिग्रहण गर्न रु एक अर्ब लागत अनुमान गरिएकामा रु १० करोड रकम विनियोजन र रु ४० करोड स्रोत सुनिश्चितताका लागि माग गरिएको छ। विसं २०७५ मा कर्णालीका तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले प्रदेश सरकारले आफ्नै हवाई सेवा सञ्चालन गर्ने महत्वाकाङ्क्षी योजना अगाडि सारिएको थियो । प्रदेश सरकारले 'कर्णाली एयर लाइन्स'का नामबाट आन्तरिक तथा अन्तरप्रदेश उडानका लागि हवाई सेवा सुरु गर्न ल्याइएको योजना अहिले अन्योय बनेको छ । शाहीका पालामा प्रदेश सरकारले सुर्खेतमा अन्तरराष्ट्रिय स्तरको विमानस्थल र मुगुमा 'हाई अल्टिच्युट' विमानस्थल निर्माणको घोषणा गरेको थियो । चिनियाँ कम्पनी नर्थवेष्टले दुईवटै विमानस्थलको निःशुल्क विस्तृत सम्भाव्यता अध्ययन गरेर प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो। अहिले सुर्खेत-काठमाडौँ, काठमाडौँ-सुर्खेत दैनिक चार वटा उडानमात्र हुने गरेका छन् । माथिल्लो कर्णाली उड्ने जहाज देखिन छाडेका छन्। विसं २०७७ मा हालको विमानस्थललाई विस्तार गरी एक हजार पाँच सय मिटरको धावनमार्ग विस्तार गरी रात्रिकालीन उडान भर्ने उद्देश्यका साथ सुर्खेत विमानस्थल विस्तार को योजना अगाडि बढाइएको थियो । तत्कालीन मुख्यमन्त्री शाहीको अध्यक्षतामा विसं २०७७ मङ्सिर अन्तिम साता बसेको बैठकले 'एप्रोच लाइट' सुविधायुक्त विमानस्थलका रूपमा विकास गर्न दीर्घकालीन सोचसहित काम अघि बढाउने निर्णय गरेको थियो । सो विमानस्थल विस्तार र स्तरोन्नतिका लागि झण्डै रु दुई अर्ब बराबर खर्च लाग्ने भन्दै पहिलो चरणमा प्रदेश सरकारले रु ५० करोड र केन्द्र सरकारले रु ५१ करोड बजेट विनियोजन गरेका थिए । विस्तारका लागि सङ्घीय र प्रदेश सरकारबीच १५ असोज २०७७ सालमा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । विमानस्थल विस्तारको काम अघि नबढेपछि केन्द्र र प्रदेश सरकारले छुट्याएको रु एक अर्ब एक करोड रकम फ्रिज भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा पनि रु एक अर्ब ५० करोड बजेट विनियोजन भए पनि काम हुन सकेन । विमानस्थलको धावनमार्ग विस्तार गर्दा वीरेन्द्रनगर नगरपालिकाका-१०, ११, र १२ नं वडाका करिब नौ सय २३ घर धुरी र विद्यालय पनि प्रभावित हुने भएपछि स्थानीयहरू सङ्घर्ष समिति गठन गरेर विरोधमा उत्रिएपछि काम रोकिएको थियो। सदरमुकाम खलङ्गा बजारमा रहेको जुम्ला विमानस्थलको धावनमार्ग विस्तार तथा नयाँ टर्मिनल भवन बनाउन नागरिक उड्डयन प्राधिकरणले एक सय ८३ दशमलव ८० रोपनी जग्गा अधिग्रहण गर्ने प्रक्रिया अघि बढाएको छ। प्राधिकरणअन्तर्गत जुम्ला नागरिक उड्डयन कार्यालयले जग्गा अधिग्रहणका लागि थप प्रक्रिया सुरु गरिएको जनाएको छ। जुम्ला विमानस्थल हाल छ सय ७० मिटर लम्बाइ, २० मिटर चौडाइ छ । उड्डयन प्राधिकरणले विमानस्थल विस्तार का लागि बजेट विनियोजन भइसकेकाले आवश्यक समन्वय गर्न जिल्लास्थित उड्डयन कार्यालयलाई निर्देशन दिएको छ । उक्त बजेटबाट धावनमार्ग विस्तार, जहाज पार्किङ गर्ने ठाउँ ९अप्रोन० निर्माण, अप्रोनदेखि जहाजसम्म जाने बाटोलगायत संरचना निर्माण हुनेछन् ।

# बादी समुदायमा जीविकोपार्जनको समस्या

■ नमस्ते समचारदाता

जाजरकोट, फागुन/२०



जाजरकोट नलगाडका बादी समुदायको पुख्यौंली पेसा लोप हुन थालेपछि उनीहरूको जीविकोपार्जनमा समस्या भएको छ। खोला र नदीको किनारमा मादल र माछाबाट खर्चको जोहो गरेका बादी समुदायको पुख्यौंली पेसा लोप हुन थालेपछि समस्यामा परेका हुन् । नदी, खोलामा माछा मारी, मादलको व्यापारबाट बिहान बेलुकाको छाक जुटाउन मुस्किल हुने गरेको छ । व्यवसाय गर्ने इच्छा भए पनि स्थानीय सरकारले सिप, क्षमता विकासका अवसरमा समावेश नगरेका कारण उनीहरूलाई खान लगाउन मुस्किल हुने गरेको छ। नलगाड नगरपालिका-७, नलगाड खोला किनारमा पुर्खौंदेखि मादल बनाउने, माछा मारेर खर्च जुटाउँदै आएको समुदाय पछिल्लो समय मादलको माग कम भएपछि समस्यामा परेका छन्। नलगाड नगरपालिका-७ का राम बहादुर बादीका अनुसार अल्पसंख्यक बादी ४५, दलित २० घरपरिवार ले मजदुरी र माछा मारेर जीविकोपार्जन गरेका छन् । उहाँले बुवाले मादल बनाउनु हुन्थ्यो, मादल बनाउने र माछा मारेर बिक्री गरेको रुपियाँले खर्च धानेको स्मरण गर्दै अहिले मादल बिक्री हुन छोडेपछि माछाबाट मात्र कमाएको रकमले खान र बालबालिकालाई कापीकलम किन्न धौ धौ हुने गरेको बताउनुभयो । केही वर्षअघिसम्म दसैं तिहारलगायतका चाडपर्व, विवाहमा गाउँबस्तीमा मादलको माग हुने गरेको भन्दै पछिल्लो समय साउन्ड सिस्टमका सामग्री भित्रिएपछि मादलको माग घटेको उहाँले जनाउनुभयो। गत वर्ष कात्तिक १७ को भूकम्पले घर भत्किएपछि दातृ नियकाले दिएको सहयोगले अस्थायी टहरा बनाएर बसेका उनीहरू गरिब भएका कारण व्यवसाय गर्ने पुँजीसमेत छैन । गाउँको घर भूकम्पले भत्किएपछि श्रम रोजगारी गरी छोराछोरीलाई पढाउन नलगाड हाइड्रोपावर निर्माण स्थल दल्लीमा श्रम रोजगारीबाट जीविकोपार्जन गरेको हिरालाल विकले बताउनुभयो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके